बैठक नं.-५ मितिः २०७४/०५/३१

# धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

### पाँचौ बोर्ड बैठकको निर्णयहरु

**उपस्थितिः-**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मञ्जु भण्डारी ( सुवेदी ) | नगर उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री रोशन अधिकारी | अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | अध्यक्ष | धरान-५ | उपस्थित |
| ८ | श्री भुवान सिं बस्नेत | अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री भुपेन्द्रराज मोक्तान | अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री रुद्र बहादुर लिम्बु | अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | अध्यक्ष | धरान-९ | अनुपस्थित |
| १२ | श्री श्रीप्रसाद लिम्बु | अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री बाबुलाल लामा | अध्यक्ष | धरान-११ | अनुपस्थित |
| १४ | श्री टंक बहादुर राई | अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | अध्यक्ष | धरान-१३ | अनुपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | अध्यक्ष | धरान-१६ | उपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणि कुमार राई | अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २४ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |

| | | | | |
|---|---|---|---|---|
| २६ | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २७ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |
| ३१ | श्री विष्णुप्रसाद कोईराला | कार्यकारी अधिकृत सचिव | ध.उ.म.न.पा. | उपस्थित |

आज मितिः२०७४ भाद्र ३१ गते धरान उपमहानगरपालिका नगरकार्यपालिकाको पाँचौ बैठक नगर प्रमुख श्री तारा सुब्बा ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णय गरियो।

**निर्णय नं.-१.**

संघिय गणतन्त्र नेपालको संविधान घोषणा भई तेस्रो बर्षमा प्रवेश गरेको सुखद अवसरमा आगामी २०७४ आश्विन २,३ र ४ गते तपसिलका विविध कार्यक्रमहरु आयोजना गरी भव्य रुपमा मनाइने निर्णय गरियो।

**तपसिलः**

१. २०७४ आश्विन २,३ र ४ गते साँझ नगरमा दिपावली गर्ने। सो को लागि नगरबासीमा आहवान गर्ने र वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा दिपावली गर्ने
२. २०७४ आश्विन ३ गते विहान ७.३० ( साढे सात ) बजे उपमहानगरपालिका कार्यालयको प्राङ्गणमा विषेश कार्यक्रम आयोजना गर्ने । उल्लेखित कार्यक्रममा नगर सभाका सदस्यहरु, सरकारी कार्यालयहरु, विषयगत कार्यालयहरु, विभिन्न संघ संस्थाहरु, विद्यालय, सञ्चारकर्मी लागयत समाजका लब्धप्रतिष्ठित व्यक्तिहरुलाई सहभागिताको लागि आहवान तथा पत्रचार गर्ने । सोहि दिन बेलुका ६.०० बजे नगरसभाका सदस्य उपस्थित भई दिप प्रज्वलन गर्ने।
३. २०७४ असोज ३ गते नगर स्तरीय बक्तृव्वकला प्रतियोगिताको आयोजना गर्ने सो को लागि शिर्षक “ संविधानमा हाम्रो कार्यभार “ कायम गर्ने र तपसिलको समितिलाई कार्यक्रमको संयोजन गर्ने जिम्मेवारी दिने।

**समिति**

संयोजक- श्री गिता पाख्रिन्

सदस्य- श्री सन्तोष लिम्बु

सदस्य- श्री विनिता बज्रचार्य

**निर्णय नं.-२.**

वी . पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विगत केहि दिन अघि देखि आन्दोलनको कार्यक्रम चलि रहेको कुरा विभिन्न सञ्चार माध्यममा आएको सन्दर्भमा धरान उपमहानगरपालिका नगरकार्यापलिकाको ५औं

बैठकमा गम्भिर ध्यानाकर्षण भएको छ र सो सम्बन्धमा छलफल गर्न नगर प्रमुखको नेतृत्वमा कार्यपालिका सदस्यहरु वी.पी.को.स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा जाने निर्णय गरियो।

**निर्णय नं.-३**

नेपाल सरकार सडक विभागबाट धरान वाईपास सडक ( सेउती- जीरो पोईन्ट )निर्माणको लागि सर्भे गर्ने टोली खटाएको र सो को लागि शहरी पूर्वाधार विकास महाशाखा प्रमुखले सर्वेक्षण टोलीसँग सम्पर्क गरि वार्ड नं. १५,५,४,६,१३ र १४ वडाका वडा अध्यक्षसँग समन्वय गरी कार्य अघि बढाउन पहल गर्ने निर्णय गरियो।

**निर्णय नं.-४.**

गणतन्त्र कोरियाको तइजङ्ग शहरमा भएको " 2017 Asia Pacific Cities Summit " मा भाग लिइ आउनु भएका धरान उ.म.न.पा.का कार्यकारी अधिकृत श्री विष्णु प्रसाद कोइराला र व.इ. सुरज श्रेष्ठबाट कार्यक्रमका बारेमा जानकारी गराउनु भयो। उक्त कार्यक्रममा सहभागी शहरहरुका तर्फबाट आफ्ना शहरहरुलाई दीगो, उन्नत तथा उर्जायुकर्त बनाउनका लागि तपसिलका विषयहरुमा सहमति जनाइएको व्यहोरा जानकारी गराइयो।

1. **Innovating Cities Through Science and Technology.**
2. **Recreating Cities Through Art and Craft .**
3. **Achieving Sustainable City Solutions.**
4. **Revitalising cities Through Vibrant Activities.**

**आजको बैठक ५.३० बजे समापन गरियो !!!**